

# अध्याय -११

## पिता, पुत्र, र पवित्र आत्मा

यस अध्यायमा मुख्य पदहरूः यूहन्ना १४:१०,२४; उत्पत्ति ३:७-९; यूहन्ना १६:२७;२८; यूहन्ना १६:७-११; यूहन्ना १७:१-२६।

*<u>यस अध्यायको मूल सार पदः</u> "सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ।" यूहन्ना १४:२६।*

यूहन्नाको पुस्तक विविध विषयवस्तुहरूले सुन्दरमय तरिकाले सजिएको छ। कुनै चित्रकलामा विभिन्न चित्रका टुक्राहरू राखेर वा कोरेर (मोजेक) कलाप्रेमीका आँखाहरू आकर्षित गरेको झैं यूहन्नाको पुस्तकमा येशूको बारेमा विभिन्न चित्रहरू कोरिएका छन्। येशूका विभिन्न चिन्ह र अलौकिक वा आश्चर्य कामहरूले उहाँ नै अगमवक्ताहरूले उल्लेख गरेका मसीह वा उद्धारकर्ता हुनुहुन्छ भनेर यूहन्नाले देखाउँदछ। येशू नै ख्रीष्ट हुनुहुन्छ भनेर साक्षी दिन यूहन्नाले समाजका विभिन्न वर्गका मानिसहरूलाई उभ्याउँछन्। उहाँ दिब्य परमेश्वर नै हुनुहुन्छ भनेर औंल्याउन "म हुँ वा स्वयम्" भन्ने वाक्य वा वाक्यांश प्रयोग गर्नुहुन्छ।

त्रीएक परमेश्वरका तीनै जना सदस्यहरू यूहन्ना एकमै उल्लेख गरिएको छ (यूहन्ना १:१-४,१४,१८,३२-३४)। शताब्दीयौंदेखि ती त्रीएक परमेश्वरको बारेमा बुझ्न बुज्रुक मानिसहरूले भयानक प्रयास गरेका थिए र गरिनै रहेका छन्। अलौकिक त्रीएक परमेश्वरको बारेमा मानवीय समझले

बुझ्न नसकेकोले कतिपयले त्यस धारणालाई सरासर अस्वीकार गर्दछन्। हामीले पूरा नबुझेकै कारणले कुनै पनि धारणा वा विद्यालाई पन्छाउनु वा अस्वीकार गर्नु कतिपय समयमा मूर्खता हुन्छ। हाम्रो सिमित दिमागमा अटाउन नसकेकोले वा हाम्रो सिमित तर्कसम्मत नभएकोले त्रीएक परमेश्वरको बारेमा आँखा चिम्लिनु बुद्धिमानी ठहर्दैन।

*यदि कसैले परमेश्वरको बारेमा बुझ्न चाहन्छ भने कहीं कतै गएर, ध्यान वा तपस्या गरेर, अनेकौं विद्या आर्जना गरेर वा कुनै धर्मगुरुका चेला बनेर होइन येशूलाई नै हेर्नुपर्छ र बाइबलमा प्रकट गरिएका उहाँका चित्रणहरूलाई अध्ययन गर्नैपर्छ। यस प्रशङ्गले हामीलाई धर्मको घेराबाट बाहिर निकालेर सम्बन्धको ज्ञानमा पार्दछ। त्रीएक परमेश्वरका सदस्यहरूका बिचमा सम्बन्ध के छ? त्रीएक परमेश्वरसँग मानव जगतको सम्बन्ध के छ? मानिस मानिसहरूकै बिचमा पारस्परिक सम्बन्ध के छ र के हुनुपर्छ भनेर त्रीएक परमेश्वरको अवधारणाले हामीलाई सिकाउँदछ। पिता, पुत्र र पवित्र आत्माको बारेमा यूहन्नाले कसरी प्रस्तुत गरेकाछन् र त्यो प्रस्तुति येशूको विदाइ प्रवचनमा कसरी व्यक्त गरिएको छ भन्ने यूहन्नाले सिकाएको यस अध्यायमा हामीले बुझ्न प्रयास गर्नेछौं।*

## १. स्वर्गमा रहनुहुने सनातन परमेश्वर पिता

बाइबलको व्यापक विवरणको दृष्टिकोणमा यूहन्नाको सुसमाचार लेखिएको हो। हाम्रो उत्पत्तिको सुरुवातदेखिको विवरणलाई यूहन्नाले मनन गरेर पुस्तक लेखेका हुन्। "आदिमा परमेश्वरले जगतब्रम्हाण्ड र पृथ्वी सृष्टि गर्नुभयो" (उत्पत्ति १:१ रूपान्तरित) वा आदिमा पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरले जगत ब्रम्हाण्ड र पृथ्वी सृष्टि गर्नुभएको थियो। जे जति अस्तित्वमा छन् त्यसको सबै स्रोत तिनीहरूले हुन्। तिनीहरूले जगतब्रम्हाण्ड र त्यहाँ रहने जीवहरूलाई सृष्टि गर्नुभएको थियो। हाम्रो पृथ्वी ग्रहमा उहाँको सृष्टि विशेष थियो। त्यसको विशेष सृष्टि मानवलाई सृष्टि गर्नुभएर उसलाई जीवन दिइएको थियो। हामी उहाँसँग र एक आपससँग प्रेमाभाव राखेर, सुख, शान्ति र मेलमिलाप गरेर बाँचिरहून् भन्ने लक्ष लिएर हामीलाई सृष्टि गरिएको थियो।

दुर्भाग्यवस, लुशिफरले यस पृथ्वीमा पाप ल्यायो। अरू थोकहरूसँगै पापले परमेश्वर र हाम्रो बिचको सम्बन्धलाई भङ्ग गरियो वा तहसनहस गरियो। पापकै कारण मानव प्राणीमा परमेश्वरको चरित्रको गलत प्रभाव पर्न गयो।

पापले परमेश्वरको गलत प्रतिनिधित्व गऱ्यो। त्यसकारण, पापले गर्दा गुमिएको परमेश्वरसँगको सम्बन्ध, उहाँको बारेमा आत्मज्ञानको पुनर्स्थापित गर्न र उहाँको बारेमा सत्य प्रतिनिधित्व गर्न येशू आउनुभएको थियो ताकि परमेश्वरको बारेमा उहाँसँग भएको ज्ञानसँग तालमेल गरेर हामीले मुक्ति पाऊन् र उहाँसँग सदाकाल रहिरहन सकौं।

जब येशू मानव जीवन लिएर यस संसारमा रहनुभयो उहाँ परमेश्वर पितामा समर्पित जीवन बिताउनुभएको थियो र उहाँकै अगुवाइमा चल्नुभएको थियो। उहाँले यो ठोकुवा गरेर भन्नुभयो, "म र पिता एकै हौं" (यूहन्ना १०:३०)। "पिता ममा हुनुहुन्छ र म पितामा छु" (यूहन्ना १०:३८)। "यदि मैले मेरा पिताको काम गर्दिन भने मलाई विश्वास नगर्नु" (यूहन्ना १०:३७)।

**देहायका पदहरूमा येशूको जीवनमा परमेश्वर पिताका भूमिकाहरू के देखाइएको छ? हेर्नुहोस्:**

अ. "१६ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। १७ किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो।" यूहन्ना ३:१६-१७; "५७ जसरी जीवित पिताले मलाई पठाउनुभयो, र म पिताको कारणले जिउँछु, त्यसै गरी मलाई खाने पनि मेरो कारणले जिउनेछ। ५८ स्वर्गबाट आएको यो रोटी त्यस्तो होइन, जो पिता-पुर्खाहरूले खाए तापनि मरेर गए। यो रोटी खानेचाहिँ सधैंभरि जिउनेछ।" यूहन्ना ६:५७-५८।

आ. "२२ *किनकि पिताले कसैको न्याय गर्नुहुन्न, तर सबै न्याय गर्ने काम पुत्रलाई दिनुभएको छ,* २३ ताकि सबैले पुत्रको आदर गरून्, जसरी तिनीहरूले पिताको आदर गर्दछन्। पुत्रको आदर नगर्नेले उसलाई पठाउनुहुने पिताको पनि आदर गर्दैन। २४ "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ। २५ साँच्चै, म तिमीहरूलाई भन्दछु, त्यो समय आइरहेछ, र त्यो समय अहिले हो, जब मृतकहरूले परमेश्वरका पुत्रको सोर सुन्नेछन्, र सुन्नेहरू बाँच्नेछन्। २६ किनभने जसरी पिता आफैमा जीवन छ, उसरी नै उहाँले पुत्रलाई पनि आफैमा जीवनको स्रोत हुने

अधिकार दिनुभएको छ। २७ अनि उसलाई न्यायको फैसला दिने अधिकार दिनुभएको छ, किनभने ऊ मानिसको पुत्र हो। २८ "यसमा अचम्म नमान, किनभने समय आइरहेछ, जब चिहानमा हुनेहरू सबैले उसको सोर सुन्नेछन्, २९ र बाहिर निस्किआउनेछन्: सुकर्म गर्नेहरू जीवनको पुनरुत्थानको निम्ति, र कुकर्म गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरुत्थानको निम्ति। *३० "म आफैं केही गर्न सक्दिनँ। जस्तो म सुन्छु, त्यस्तै न्याय म गर्छु, र मेरो न्याय ठीक ठहर्छ, किनकि म आफ्नो इच्छा खोज्दिनँ, तर मलाई पठाउनुहुनेको इच्छा खोज्दछु।"यूहन्ना* ५:२२-३०।

इ. "३२ येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूलाई स्वर्गबाट रोटी दिने मोशा होइनन्, तर स्वर्गबाट तिमीहरूलाई साँचो रोटी दिनुहुने मेरा पिता हुनुहुन्छ। ३३ किनभने परमेश्वरको रोटी त्यही हो, जो स्वर्गबाट ओर्लिआउँछ, र संसारलाई जीवन दिन्छ।" यूहन्ना ६:३२-३३; "१० म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ? जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ। ११ मलाई विश्वास गर, कि म पितामा छु, र पिता ममा हुनुहुन्छ। नत्रभने यी कामहरूकै खातिर विश्वास गर।...२३ येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं। २४ मलाई प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन। जुन वचन तिमीहरू सुन्छौ, त्यो मेरो होइन, तर मलाई पठाउनुहुने पिताको हो।" यूहन्ना १४:१०-११, २३-२४।

ई. "४३ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "तिमीहरू आपसमा नगनगनाओ। ४४ मलाई पठाउनुहुने पिताले खिँच्नुभएन भने कोही मकहाँ आउन सक्दैन, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु। ४५ 'अनि ती सबै जना परमेश्वरद्वारा सिकाइनेछन्' भनी अगमवक्ताहरूका पुस्तकमा लेखिएको छ। प्रत्येक जसले पिताबाट सुन्छ र सिक्छ त्यो मकहाँ आउँछ। ४६ पितालाई कुनै मानिसले देखेको छैन, केवल उसले मात्र देखेको छ जो परमेश्वरबाट आएको हो, उसैले पितालाई देखेको छ।" यूहन्ना ६:४३-४६।

उ. "मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें, कि तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस्। यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौला, उहाँले तिमीहरूलाई सो दिनुहुनेछ।" यूहन्ना १५:१६; "३२ हेर, समय आइरहेछ, वास्तवमा आइसकेको छ, जब तिमीहरू छरपष्ट भई आफ्नै ठाउँमा जानेछौ र मलाई एकलै छोड्नेछौ। तापनि म एकलो छैनँ, किनभने पिता मसँग हुनुहुन्छ। ३३ मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई शान्ति होस्। संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु।" यूहन्ना १६:३२-३३।

*उपर्युक्त पदहरूमा आफ्नो पुत्र येशूसँग पिताको सम्बन्ध कतिको घनिष्ठ छ भनेर देखाउँदछ। हाम्रो संसारसँग परमेश्वरको सम्बन्ध एकदम नजिकै छ र हामीले मुक्ति पाऊन् र उहाँसँग हाम्रो सम्बन्ध पुनर्स्थापित गर्न उहाँले हाम्रो मुक्तिको निम्ति स्वर्ग नै रित्याएर लगानी गर्नुभएको छ। परमेश्वरले हामीलाई कतिको माया, प्रेम र स्नेह राख्नुहुन्छ भन्ने यस अपार सत्यले हामीलाई कसरी बुझाउन प्रयास गरेको छ?*

## २. येशू र परमेश्वर पिता

त्रीएक परमेश्वरले हामीलाई किन सृष्टि गर्नुभयो? यस संसारमा हामी बाँच्नुको औचित्य के छ? के खान र पापले गर्दा मर्नको लागि मात्रै हो त? अहँ, त्रीएक परमेश्वरसँग हाम्रो व्यक्तिगत सम्बन्ध राख्न नै उहाँले हामीलाई उहाँको स्वरूपमा सृष्टि गरिएको हो (उत्पत्ति १:२६,२७)। तर, पापले गर्दा त्यो सम्बन्धमा मौलिक रूपमै चक्नाचुर भयो। त्यसको तत्कालिन् प्रभाव अदनको बगैंचामा भएको कथा हामी पढ्न सक्छौं।

उत्पत्ति ३:७-९ पढ्नुहोस्। परमेश्वर र मानिसको बिचमा पापले ल्याएको विखण्डनलाई ती पदहरूले कसरी खुलासा गरिएको छ? तर यो पनि बुझ्नु अनिवार्य छ, मानिसले परमेश्वरलाई खोजेको वा खोज्ने होइन तर परमेश्वर आफैले मानिसको खोजमा हुनुहुन्थ्यो र हुनुहुन्छ भन्ने तथ्य त्यस विवरणले हामीलाई कस्तो आत्मज्ञान दिन्छ? हेर्नुहोस्, "१ परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी

भन्नुभएको छ?" २ स्त्रीले सर्पलाई भनिन्, "बगैंचाका रूखहरूका फल हामी खान सक्छौं, ३ तर बगैंचाको बिचमा भएको रूखका फलको विषयमा परमेश्‍वरले भन्नुभएको छ, 'त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौ'।" ४ सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ। ५ किनकि परमेश्‍वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्‍वरजस्तै हुनेछौ।" ६ जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए। *७ अनि दुवैका आँखा खुले, र "नाङ्गै पो रहेछौं" भनी तिनीहरूले थाहा पाए। अनि अञ्जीरका पातहरू गाँसेर आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए। ८ अनि साँझपख परमप्रभु परमेश्‍वर बगैंचामा डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको सोर सुने, र मानिस र उनकी पत्नी बगैंचाका रूखहरूका बिचमा परमप्रभु परमेश्‍वरको नजरबाट लुके। ९ तर परमप्रभु परमेश्‍वरले मानिसलाई बोलाउनुभयो, "तिमी कहाँ छौ?"* उत्पत्ति ३:१-९।

सैतानले ल्याएको परमेश्वर र मानिसको बिचमा बिखण्डन वा टुटाएको सम्बन्धलाई फेरि जोड्न परमेश्वरको आशय थियो। मानव प्राणीसँग आफ्नो सम्बन्ध प्रतिस्थापित गर्न उहाँले हात बढाउनु भएको थियो तर त्यस हातलाई पक्रिने आत्मनिर्णय मानिसलाई नै सुम्पिएको थियो र कतिले त्यसलाई बेवास्ता गरेका थिए र गरिरहेकाछन्। परमेश्वरले उपलब्ध गराउनुभएको सम्बन्धको फाइदा मानिसले उपभोग गरून् वा नगरून् परमेश्वरले त्यो सम्बन्धलाई झिक्नुभएको छैन।

पापले गर्दा परमेश्वर र मानिसको बिचमा बिग्रिएको वा भत्किएको सम्बन्धलाई पुनर्स्थापित गर्न त्रीएक परमेश्वरमा एक जना मानव प्राणी हुनुभयो। यसरी, वचन देह हुन आयो, र हाम्रो बिचमा रहनुभयो। त्यस देहले परमेश्वरको महिमालाई प्रकट गरे (यूहन्ना १:१४-१८)। त्यसको फलस्वरूप, मानव प्राणीले परमेश्वरको पूर्णता र अनुग्रह पाउने अवसर मिलेको थियो र छ पनि। त्यसैकारण, परमेश्वरको महिमा र इज्जत थाम्न येशू यस संसारमा आउनुभयो। मानिस र परमेश्वरको बिचमा पापले गर्दा ल्याएको टुटेको सम्बन्ध फेरि स्थापना गर्ने येशूको लक्ष थियो। तर त्यो उपलब्ध गराएको सम्बन्ध स्वःत स्थापना नभइ येशू ख्रीष्टलाई व्यक्तिगत मुक्तिदाता भनेर स्वीकार गर्ने र उहाँका

नीतिहरूमा चल्नेहरूलाई प्रदान गरिएको छ। परमेश्वरसँग सम्बन्ध राख्न मानिसले इच्छा गर्नुपर्छ तर परमेश्वरले जबरजस्ती लाइनुहुन्न।

देहायका पदहरूमा हामीलाई के अचम्म र अद्भुत आशा देखाइएको छ? हेर्नुहोस्, "१ आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो।" यूहन्ना १:१-२; "१६ त्यस कारणले गर्दा यहूदीहरूले येशूलाई खेदो गर्न लागे, किनभने उहाँले यो काम शबाथ-दिनमा गर्नुभएको थियो। १७ तब येशूले तिनीहरूलाई भन्नुभयो, "मेरा पिताले अहिलेसम्म काम गरिरहनुभएको छ, र म पनि काम गरिरहेछु।" १८ यसकारण यहूदीहरूले येशूलाई मार्न अझ बढ़ी प्रयत्न गर्न लागे, किनकि उहाँले शबाथ-दिन भङ्ग गर्ने काम मात्र होइन, तर आफैलाई परमेश्वरको बराबरी तुल्याएर उहाँले परमेश्वरलाई आफ्नै पिता भन्नुभएको थियो।" यूहन्ना ५:१६-१८; "६८ सिमोन पत्रुसले जवाफ दिए, "हे प्रभु, हामी कसकहाँ जाऔं? तपाईंसित अनन्त जीवनका वचन छन् ६९ र हामीले विश्वास गरेका छौं र जानेका छौं, तपाईं परमेश्वरका पवित्र जन हुनुहुन्छ।" यूहन्ना ६:६८-६९; "१० "चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ। म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ। ११ म असल गोठालो हुँ। असल गोठालाले आफ्ना भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ। १२ भाडाको मान्छेचाहिँ भेड़ाहरूको आफ्नै गोठालोजस्तो होइन। त्यसले त ब्वाँसालाई आएको देखेर भेड़ाहरूलाई छोडी त्यो भाग्छ, र ब्वाँसाले भेड़ाहरूलाई गाँजी लैजान्छ, र तितरबितर पारिदिन्छ। १३ त्यो भाग्छ, किनभने त्यो भाडाको मान्छे हो, त्यसले भेड़ाको केही वास्ता गर्दैन। १४ "म असल गोठालो हुँ, म आफ्ना भेड़ाहरूलाई चिन्छु, अनि मेरा भेड़ाहरूले मलाई चिन्छन्। १५ जसरी पिताले मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु, अनि म भेड़ाहरूका लागि आफ्नो प्राण अर्पण दिन्छु।...२७ "मेरा भेड़ाहरूले मेरो सोर सुन्छन्, र तिनीहरूलाई म चिन्छु, र तिनीहरू मेरो पछि आउँछन्। २८ तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्, र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन। २९ मेरा पिताले ती मलाई दिनुभएको छ; उहाँ सबैभन्दा महान् हुनुहुन्छ। पिताको हातबाट कसैले तिनीहरूलाई खोसी लानेछैनन्। ३० पिता र म एक हौं।" यूहन्ना १०:१०-१५, २७:३०।

येशूमा जीवन छ। उहाँमा भएको जीवन आफ्नै मूल जीवन हो कसैको निगाहबाट आएको वा सापति लिएको वा प्राप्त भएको होइन।"-द

*डिजाएर अभ एजेज,* पृ. ५३०। मानव अवतार लिनुभएको पुत्रले मानव प्राणको कल्याणको निम्ति आफूलाई रित्याउनुभयो (फिलिप्पी २:७)। मानिसहरूको बिचमा आफ्नो अस्तित्व रहने विशेष अधिकार उहाँले प्रयोग गर्नुभएको थियो। उहाँमा भएको जीवन परमेश्वरको उपहार वा बरदान हो र उहाँले चाहेकोलागि दिने उहाँको विशेष अधिकार हो भनेर उहाँले बताउनुभएको थियो। "येशू ख्रीष्टको परमेश्वरीय स्वभाव नै विश्वासीहरूले पाउने अनन्त जीवनको जमानत वा निश्चयता हो।"-द डिजाएर अभ एजेज, पृ. ५३०।

पापले धमिल्याएको मानिसहरूका आँखाहरूले परमेश्वरलाई चिन्न सकेको थिएन (यूहन्ना १७:२५)। त्यसकारण, उहाँले आफ्नो एक मात्र पुत्रलाई पठाउनुभयो (यूहन्ना ९:४, यूहन्ना १६:५)। मानव प्राणीले सतानन परमेश्वर पितालाई चिनून् भनेर नै आफ्नो पुत्र पठाउनुभएर उहाँले त्यो कदम चाल्नुभएको थियो।

***तारामण्डल अध्ययन गर्ने एक जना नास्तिक वैज्ञानिकले आफ्नो भावना यसरी व्यक्त गरेका थिए, "यस अस्पष्ट ब्रम्हाण्डको बिशालताले यो जनाउँछ कि हामीलाई हामीबाट उद्धार गर्न कुनै ठाउँबाट सहयोग आउँछ भन्ने कुनै शङ्केत वा झल्को छैन।" यो मानिस जतिसुकै विद्धानने भएतपनि त्यो मानिस गलत छ भनेर बाइबलले हामीलाई कसरी सिकाउँछ?***

## ३. पुत्र रूपी येशूलाई चिन्नु नै परमेश्वर पितालाई चिन्नु हो

पुत्र येशूले गर्नुहुने सबै क्रियाकलापहरूले परमेश्वर पितातार औँल्याउँछन् भनेर यूहन्नाले आफ्नो यूहन्नाको पुस्तकभरि वर्णन गरेका छन्। परमेश्वर पिता को हुनुहुन्छ भनेर येशूले स्पष्ट पार्नुभएको थियो। हाम्रो संसारसँग पिताको सम्बन्ध कस्तो छ र के भएको चाहनुभएको छ सो पनि उहाँले खुलासा गर्नुभएको थियो। यूहन्ना १:१८मा नै मध्यनजर राखेर येशूले आफ्नो मानिसहरूलाई पितालाई चिनाउने प्रयास गर्नुभएको थियो। बारम्बार येशूले त्यो प्रयास गर्नुभएको थियो। पिता वा ग्रीकमा पाटर pater भन्ने शब्द यूहन्नाको पुस्तकमा नै १३६ पल्ट उल्लेख गरिएको छ। यूहन्ना १-३मा १८ पल्ट उल्लेख गरिएको छ। नयाँ करारमा पिता भन्ने शब्दको प्रयोगमा यूहन्नाले एक तिहाइभन्दा बढि प्रयोग गरेका थिए। सुसमाचारको पुस्तकमा उल्लेख गरिएका उहाँका बिदाइ प्रवचनहरूमा पिता भन्ने शब्द प्राथमिकतामा राख्नुभएको थियो। यसले गर्दा पिता को हुनुहुन्छ भनेर जानकारी दिइएको थियो।

यस संसारमा परमेश्वरको प्रतिनिधित्व गर्दै येशू आउनुभएको थियो। उहाँ मानव स्वभाव लिएर पिताको इच्छामा र इच्छा अनुसार जीवन बिताउनुभएको थियो। अझ येशूले यो भन्नुभयो कि उहाँले जे गर्नुहुन्छ सो पिताकै चाहनामा गर्नुहुन्छ आफ्नो चाहनामा होइन भनेर जिकिर गर्नुहुन्छ (यूहन्ना ५:३०)। यो भनाइले हामीलाई चकित पार्छ होला तर येशूको भौतिक मानव चोलामा उहाँ परमेश्वर पितासँग कसरी पूर्ण समर्पित हुनुहुन्थ्यो भनेर देखाउँदछ।

आफूलाई परमेश्वर पिताले उहाँको काम फत्ते गर्न उहाँले नै पठाउनुभएको थियो भनेर ठोकुवा गर्नुहुन्छ। मानव प्राणीलाई मुक्तिदिने काम पिताले सुरुगर्नुभएको थियो र उहाँले नै त्यसको साक्षी दिनुभएको थियो (यूहन्ना ५:३६-३८)।

मानिसहरूको सेवा गर्न पिताले आफूलाई पठाउनुभएको हो ताकि उहाँद्वारा परमेश्वर पितालाई चिनून भनेर येशूले घोषणा गर्नुभएको थियो (यूहन्ना ६:४०,४४)। येशूमा पाइने अनन्त जीवन प्रत्येक मानव प्राणीले पाऊन् भन्ने परमेश्वर पिताको चाहना हो। येशूलाई विश्वास गर्ने सबैलाई दोस्रो आगमनमा पुनरुत्थान गर्नुहुनेछ भनेर उहाँले प्रतिज्ञा गर्नुभएको छ।

**परमेश्वर पिता र येशूको बिचमा कस्तो सम्बन्ध छ भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस्, "१६ तब येशूले जवाफ दिई तिनीहरूलाई भन्नुभयो, "मेरो शिक्षा मेरै होइन, तर उहाँको हो, जसले मलाई पठाउनुभयो। १७ यदि कुनै मानिसले परमेश्वरको इच्छा पालन गर्न चाहन्छ भने, मेरो शिक्षा परमेश्वरतर्फबाट हो, कि मेरो आफ्नै तर्फबाट हो सो उसले जान्नेछ। १८ जसले आफ्नै तर्फबाट बोल्दछ, उसले आफ्नै सम्मान खोज्दछ, तर जसले आफूलाई पठाउनेको सम्मान खोज्दछ, त्यो सत्य हो, र उसमा छल हुँदैन।" यूहन्ना ७:१६-१८; "जे-जे मैले मेरा पिताको उपस्थितिमा देखेको छु, त्यही म भन्दछु। तिमीहरूले पनि जे तिमीहरूका पिताबाट सुनेका छौ, त्यही गर्दछौ।" यूहन्ना ८:३८; "१० म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ? जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ। ११ मलाई विश्वास गर, कि म पितामा छु, र पिता ममा हुनुहुन्छ। नत्रभने यी कामहरूकै खातिर विश्वास गर।... २३ येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई**

प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं। २४ मलाई प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन। जुन वचन तिमीहरू सुन्छौ, त्यो मेरो होइन, तर मलाई पठाउनुहुने पिताको हो।" यूहन्ना १४:१०–११,२३-२४; " १ "साँचो दाखको बोट म हुँ, र मेरा पिता किसान हुनुहुन्छ।... ९ "पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु। तिमीहरू मेरो प्रेममा रहो। १० यदि मेरा आज्ञाहरू पालन गर्‍यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु।" यूहन्ना १५:१,९-१०; " १७ तब उहाँका कुनै-कुनै चेलाहरूले एक-अर्कालाई भने, "उहाँले हामीहरूलाई यो भन्नुभएको के हो? 'अलि बेरपछि तिमीहरू मलाई देख्नेछैनौ, अनि फेरि अलि बेरपछि तिमीहरू मलाई देख्नेछौ,' र 'किनकि म पिताकहाँ गइरहेछु'।" १८ तिनीहरूले भने, "उहाँले 'अलि बेर' भन्नुभएको के हो? हामी जान्दैनौ, उहाँ के भन्दैहुनुहुन्छ।" यूहन्ना १६:१७-१८ र " ३ अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्‍वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्। ४ जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु। ५ अब हे पिता, संसारको सृष्टि हुन अघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्यसैले आफ्नो उपस्थितिमा मलाई महिमित पार्नुहोस्।" यूहन्ना १७:३-५।

पितासँग भएको सम्बन्धलाई येशूले गर्नुभएको दावी चकित पार्ने खालको छ। उहाँले सिकाउनुभएको सबै शिक्षा आफ्नो होइन तर पिताबाट आएको हो भनेर उहाँले जिकिर गर्नुहुन्छ। उहाँले व्यक्तिगत रूपमा जे जे पिताबाट सुन्नुभयो त्यही मानिसहरूलाई बताउनुभएको र येशूलाई विश्‍वास गर्नु नै पितालाई विश्‍वास गर्नु हो भनेर उहाँले भन्नुहुन्छ। येशूले आफूले बोल्ने प्रत्येक वचन र कामहरू पिताकै हो र उहाँ र पिता संयूक्त रूपमा मानिसहरूलाई प्रेम देखाउन र तिनीहरूलाई मुक्ति दिन काम गरिरहेकाछन् भनेर उहाँले दावी गर्नुहुन्छ। स्वर्गमा रहनुहुने परमेश्वर पितासँग भएको घनिष्ठ सम्बन्धलाई वयान गर्ने उहाँका ती वचनहरूलाई अचम्मै मान्नुपर्दछ, जुन कुनै पनि मानिसले दावी गर्न अधिकार छैन।

*के तपाईंका सोचविचार र क्रियाकलापहरू तपाईंको जीवनमा परमेश्वरकै चाहना अनुसार भइरहेको छ? हाम्रो जीवनको निम्ति परमेश्वरको चाहना के छ सो येशूबाट हामी कसरी सिक्दछौं?*

## ४. पवित्र आत्मा

पिता र पुत्रको जस्तो पवित्र आत्माले महत्त्वपूर्ण भूमिका खेलेका यूहन्नाको सुसमाचारमा नपाइएकतापनि येशूको सफल लक्षमा पुग्न उहाँले निर्णायक भूमिका खेल्नुभएको पाइन्छ।

यूहन्ना १:१०-१३ पढ्नुहोस्। मानिसलाई आमूल परिवर्तन गराउन पवित्र आत्माको खाँचो कतिको रहेछ भने ती पदहरूले हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस्, " ९ हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो। १० उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो, तापनि संसारले उहाँलाई चिनेन। ११ उहाँ आफ्नै मानिसहरूकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरूले उहाँलाई ग्रहण गरेनन्। १२ तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो। १३ तिनीहरू रगतद्वारा, शारीरिक इच्छाद्वारा, र कुनै मान्छेको इच्छाद्वारा होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन्।" यूहन्ना १:९-१३।

यूहन्नाको सुसमाचारको पहिलो अध्यायमा नै पवित्र आत्माले मानिसको जीवनमा केन्द्रिय भूमिका खेलेको आभास दिएको छ। जति जनाले वचनलाई ग्रहण गरे वा येशूलाई विश्वास गरे त्यति जना परमेश्वरका सन्तान भए। तिनीहरू "भौतिक रूपमा, रगत र मासुमा र मानिसको चाहना अनुसार होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन्" (यूहन्ना १:१३)। यो पुनर्जन्मको काम पवित्र आत्माको सक्रियताले मात्र हुन्छ।

देहायका पदहरूले पवित्र आत्माका क्रियाकलापहरू के हुन् भनेर बताउँदछ? हेर्नुहोस्, " ५ येशूले जवाफ दिनुभयो, “साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन। ६ शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। ७ मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान। ८ बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ।” यूहन्ना ३:५-८; " ५८ स्वर्गबाट आएको यो रोटी त्यस्तो होइन, जो पिता-पुर्खाहरूले खाए तापनि मरेर गए। यो रोटी खानेचाहिँ सधैँभरि जिउनेछ।” ५९ उहाँले यी कुरा कफर्नहुमको सभाघरमा शिक्षा दिँदा भन्नुभएको हो। ६० यो सुनेपछि उहाँका चेलाहरूमध्ये धेरैले भने, “यो वचन कठोर छ, कसले यो सुन्न सक्तछ र?” ६१

तर उहाँका चेलाहरू यस विषयमा गनगनाउँदैछन् भनी जानेर येशूले तिनीहरूलाई भन्नुभयो, "के यी कुरा तिमीहरूका निम्ति ठोकरको कारण भइरहेछ? ६२ तिमीहरूले मानिसको पुत्रलाई जहाँ ऊ अघि थियो त्यहाँ उक्लँदैगरेको देख्यौ भने नि कसो? ६३ जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा हुँदैन। जुन वचन मैले तिमीहरूसँग बोलेको छु, ती आत्मा र जीवन हुन्।" यूहन्ना ६:५८-६३; " तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ।" यूहन्ना १४:२६; "जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ।" यूहन्ना **John** १५:२६ र " ७ तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ। किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन। तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु। ८ अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ। ९ पापको विषयमा, किनभने तिनीहरू ममाथि विश्वास गर्दैनन्, १० धार्मिकताको विषयमा, किनभने म पिताकहाँ जान्छु, र तिमीहरू मलाई फेरि देख्नेछैनौ। ११ र न्यायको विषयमा, किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ। १२ "मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ। १३ जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। १४ उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। १५ जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।" यूहन्ना १६:७-१५।

"पवित्र आत्माको कामको बारेमा येशूले व्याख्या गर्नुहुँदा पवित्र आत्माले ल्याउनुभएको उहाँको  हृदयमा आनन्द र आशा ती चेलाहरूमा पनि होऊन् भनेर प्रेरणा दिनुभएको थियो। उहाँको मण्डलीमा पवित्र आत्माले प्रशस्त सहयोग गर्ने थाहा पाउनुभएकोले येशू आनन्दित हुनुभएको थियो। उहाँका पिताबाट आएका सबै बरदानहरूमा पवित्र आत्मा उत्कृष्ट बरदान थियो। यसले

उहाँका जनहरूलाई उच्चतम आत्मिक स्तरमा राख्दछ। मानिसहरूको जिवनमा पुनर्जीवन र पुनर्जागरण ल्याउने माध्यम पवित्र आत्मा हुनुहुन्छ। उहाँको सक्रिताबिना येशूको बलिको कुनै अर्थ हुँदैनथ्यो। दुष्ट सैतान र तत्वहरूको शक्ति शताब्दीयौँदेखि बलियो भइरहेको छ। सैतानको पासोमा मानिसहरूले आत्मसमर्पण गर्नु अत्यन्तै अचम्म लाग्दो छ। केवल त्रीएक परमेश्वरको तेस्रो व्यक्तिको शक्तिशाली हस्तक्षेपले मात्र पापसँग मानिस मुकाबिला गर्न सक्छ र त्यसलाई जित्न सक्छ। पवित्र आत्मा कुनै परिमार्जित वा हेरफेर भएर आउनुहुन्न तर ईश्वरीय शक्तिको पूर्णतामा आउनुहुन्छ।अर्थात् पवित्र आत्मा लचिलो भएर होइन परमेश्वरीय शक्तिसम्पन्न भएर मानिसहरूको बिचमा काम गर्नुहुन्छ।"-*द डिजाएर एजेज्*, पृ. ६७१।

***मानव प्राणीले पवित्र आत्मा पाउनु ठूलो आशिष वा धन्यको कुरो हो। पवित्र आत्माले नै परमेश्वर सत्य हुनुहुन्छ भनेर सिफारिस गर्नुहुन्छ (यूहन्ना ३:३३)। जब कसैले पवित्र आत्माको सुरिलो तथा मधुरो आवाजलाई सुन्छ उसले आफू पापी भएको महसुस गर्दछ, आफूलाई परमेश्वरको धार्मिकताको आवश्यक भएको आभास पाउँछ र परमेश्वरको न्यायको बारेमा आफू सजग भएको अनुभव गर्दछ (यूहन्ना १६:८-११)। त्यसकारण, यस संसारमा के ठीक, के बेठीक, के असल के खराब, के सत्य र के असत्य छ त्यो थाहा पाउन र हाम्रो जीवन कुन धारमा राख्न हो त्यो पवित्र आत्माले दिनुहुने ज्ञानबाट थाहा पाउँछ। त्यो पनि उहाँकै अगुवाइमा परमेश्वरको वचनमा समर्पित जीवन बिताएर अनुभव गर्न सकिन्छ। हाम्रो विश्वास र आस्थाको आधार नै पवित्र बाइबल भएकोले, त्यसमाथि विश्वास जगाउन पवित्र आत्माले मुख्य भूमिका खेल्नुहुन्छ।***

## ५. येशूको प्रार्थना

यूहन्ना १७लाई कहिलेकाहीँ येशू मुलपूजारी हुनुभएको हैशियतले गर्नुभएको प्रार्थना भनेर सम्बोधन गरिन्छ। येशूको विदाइ प्रवचनको समापन नै यूहन्ना १७ हो। मानवता पुनर्स्थापित गर्न यस संसारमा येशू आउनुभएको थियो। त्यो पुनर्स्थापनामा सुरुमा योजना गरिएको परमेश्वरसँग व्यक्तिगत सम्बन्धलाई स्थायीत्व दिनु हो। परमेश्वरले दिनुभएका चिन्ह र अलौकिक कामहरू येशूले बफादारी भएर सम्पन्न गर्नुभएको थियो। उहाँका वचन र कामले मानिसहरूसँग परमेश्वरको संवाद जारी गर्नुभएको थियो।

आफ्ना चेलाहरूलाई येशूले छिटै छोडेर जानुहुने थियो। आफ्ना चेलाहरूलाई दिनुभएको प्रेम उहाँले फेरि बाँड्न चाहनुभएको थियो। आफू, पिता र पवित्र आत्मासँग भएको घनिष्ठ सम्बन्धलाई चेलाहरूले बुझून् भन्ने उहाँले चाहनुभएको थियो। जसरी पिता र पवित्र आत्मासँग आफ्नो व्यक्तिगत सम्बन्ध छ त्यही सम्बन्ध तिनीहरूमा पनि कायम होस् भन्ने उहाँको चाहना थियो।

**यूहन्ना १७:१-२६ पढ्नुहोस्। यहाँ के शब्द वा व्याकांश व्यक्त गरिएकाछन् जसले आफू, पिता र चेलाहरूहरूको बिचमा प्रेमिलो सम्बन्ध कायम होस् भनेर येशू चाहनुभएको थियो? हेर्नुहोस्, " १ यी कुरा भनिसक्नुभएपछि येशूले स्वर्गतिर आँखा उचाली भन्नुभयो, "हे पिता, समय आइपुगेको छ, तपाईंका पुत्रको महिमा प्रकट गर्नुहोस्, र पुत्रले तपाईंको महिमा प्रकट गरोस्। २ किनकि तपाईंले उसलाई सबै मानिसमाथि अधिकार दिनुभएको छ, ताकि तपाईंले उसलाई दिनुभएका सबैलाई उसले अनन्त जीवन देओस्। ३ अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्। ४ जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु। ५ अब हे पिता, संसारको सृष्टि हुन अघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्यसैले आफ्नो उपस्थितिमा मलाई महिमित पार्नुहोस्। ६ "संसारबाट जुन मानिसहरू तपाईंले मलाई दिनुभयो, तिनीहरूलाई तपाईंको नाउँ मैले प्रकट गरिदिएको छु। तिनीहरू तपाईंका थिए, अनि तपाईंले तिनीहरू मलाई दिनुभयो, र तिनीहरूले तपाईंको वचन पालन गरेका छन्। ७ तिनीहरूलाई अब थाहा छ, कि तपाईंले मलाई दिनुभएको प्रत्येक कुरा तपाईंबाट आएको हो। ८ किनभने जुन वाणी तपाईंले मलाई दिनुभयो, मैले तिनीहरूलाई दिएको छु, र तिनीहरूले ती ग्रहण गरेका छन्। म तपाईंबाट आएको हुँ भन्ने तिनीहरूले साँच्चै जानेका छन्, अनि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्वास गरेका छन्। ९ म तिनीहरूका निम्ति प्रार्थना गर्दछु, संसारको निम्ति म प्रार्थना गर्दिनँ, तर तिनीहरूका निम्ति, जसलाई तपाईंले मलाई दिनुभएको छ। किनभने तिनीहरू तपाईंकै हुन्। १० मेरा सबै जे छन् तपाईंका हुन्, र तपाईंका जे छन् मेरा हुन्। मेरो महिमा तिनीहरूमा प्रकट भएको छ। ११ "म फेरि संसारमा रहँदिनँ, तर यिनीहरू त संसारमा रहन्छन्। मचाहिँ तपाईंकहाँ आइरहेछु। पवित्र पिता, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राख्नुहोस्, र हामी जस्तै तिनीहरू पनि एक होऊन्। १२ जबसम्म म तिनीहरूसँग थिएँ, तपाईंले मलाई**

दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राखें। तिनीहरूको रक्षा गरें। अनि तिनीहरूमध्ये विनाशको छोराबाहेक अरू कोही नष्ट भएन, किनकि धर्मशास्त्र पूरा हुन आवश्यक थियो।

१३ "तर अब म तपाईंकहाँ आइरहेछु। संसारमा हुँदा यी कुरा म बोल्दछु, कि तिनीहरूमा मेरो आनन्द पूरा होस्। १४ मैले तिनीहरूलाई तपाईंको वचन दिएँ, तर संसारले तिनीहरूलाई घृणा गऱ्यो, किनकि तिनीहरू संसारका होइनन्, जसरी म संसारको होइनँ। १५ तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरूलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस्। १६ तिनीहरू संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ। १७ तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो। १८ जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु। १९ तिनीहरूका खातिर म आफैलाई पवित्र पार्दछु, ताकि तिनीहरू पनि सत्यतामा पवित्र होऊन्। २० "म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, २१ कि तिनीहरू सबै एक होऊन्। हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन्, र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्। २२ जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि हामी एक भएझैं तिनीहरू पनि एक होऊन्। २३ म तिनीहरूमा, अनि तपाईं ममा, र तिनीहरू पूर्ण रूपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस्। २४ "पिता, म इच्छा गर्दछु, कि तपाईंले मलाई दिनुभएकाहरू म जहाँ छु मसँग रहून्, र मेरो महिमा देखून्, जुन महिमा, संसारको सृष्टि हुन अघि देखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो। २५ "धार्मिक पिता, संसारले तपाईंलाई चिन्दैन, तर म तपाईंलाई चिन्दछु, अनि तपाईंले मलाई पठाउनुभएको हो भनी यिनीहरूले जान्दछन्। २६ मैले तपाईंको नाउँ यिनीहरूमा प्रकट गरें, अनि तपाईंको नाउँ यिनीहरूमा प्रकट गराइरहनेछु, ताकि जुन प्रेमले मलाई तपाईंले प्रेम गर्नुभयो, त्यो तिनीहरूमा रहोस्, र म तिनीहरूमा रहूँ।"

कतिपयले यूहन्ना १७ प्रेम र एकताको अपरिहार्यतालाई मात्र जोर दिएको पाइन्छ। यसमा सन्देह छैन। परमेश्वरकै लक्ष हो कि उहाँ र समस्त मानव प्राणीको बिचमा व्यक्तिगत सम्बन्ध होस्। तर होशियारसँग यो

प्रार्थनालाई अध्यय गर्‍यौं भने तिनीहरूमा प्रेम र सत्यको बिचमा भएको महत्त्वपूर्ण सम्बन्ध भन्दा पनि बढी भएको पाइन्छ।

"यो नै अनन्त जीवन ताकि तिनीहरूले तपाईंलाई चिनून्, तपाईं मात्रै सत्य परमेश्वर हुनुहुन्छ" (यूहन्ना १७:३)। परमेश्वर पिता हामीले सोचेको जस्तै हुनुहुन्न। येशूले यसरी खुलासा गर्नुभएको छ, " ६ "संसारबाट जुन मानिसहरू तपाईंले मलाई दिनुभयो, तिनीहरूलाई तपाईंको नाउँ मैले प्रकट गरिदिएको छु। तिनीहरू तपाईंका थिए, अनि तपाईंले तिनीहरू मलाई दिनुभयो, र तिनीहरूले तपाईंको वचन पालन गरेका छन्। ७ तिनीहरूलाई अब थाहा छ, कि तपाईंले मलाई दिनुभएको प्रत्येक कुरा तपाईंबाट आएको हो। ८ किनभने जुन वाणी तपाईंले मलाई दिनुभयो, मैले तिनीहरूलाई दिएको छु, र तिनीहरूले ती ग्रहण गरेका छन्। म तपाईंबाट आएको हुँ भन्ने तिनीहरूले साँच्चै जानेका छन्, अनि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्वास गरेका छन्।" यूहन्ना १७:६-८। " तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो।" यूहन्ना १७:१७।

परमेश्वर पिता कस्तो हुनुहुन्छ, उहाँको मिजास, चरित्र र स्वभाव कस्तो छ भनेर प्रकट गर्न येशू आउनुभएको थियो। यो प्रकट धेरै महत्त्वपूर्ण छ किनकि संसारमा विभिन्न दर्शन, विद्या र धर्मले परमेश्वरको बारेमा गलत चित्रणहरू गरिरहेका छन्। आफ्नो यस लक्षलाई येशूले कसरी गम्भीरतासाथ लिनुभएको थियो भनेर यूहन्नाको सुसमाचारले देखाउँदछ। उहाँले परमेश्वरको वचन र कामहरूलाई उचित रूपमा प्रतिनिधित्व गर्नुभएको थियो। यदि सत्य प्रति सरोकार छैन भने येशू किन यस्तो लामो बाटोमा लाग्नुभएको थियो र हामी पनि किन जाने?

येशूको जीवन सहज थिएन। उहाँको जीवन कष्टकर र कठिन थियो। त्यसबेलाका धर्मका मतियार धर्मुगुरु, शास्त्री, विद्वान, पूजारी, मठाधिस र अगुवाहरूले उहाँलाई तिरस्कार गरेका थिए। मानिसहरूका पूर्वाग्रह,भावशून्यता, चिसोपना, बेवास्ता र हेलाको कारण र कतिपय समयमा आफ्नै चेलाहरूबाट पनि ती मनस्थितिले गर्दा उहाँले दुःख पाउनु भएको थियो। आफ्नो एक जना चेलाबाट नै उहाँलाई गद्दारी गरेको थियो र प्रिय चेलाले तीन पल्ट उहाँलाई चिनेकै छैन भनेर मानिसहरूलाई भनेका थिए। उहाँ कठोर जाँचपड्तालमा पर्नुभयो र क्रूसमा मर्नुभयो, त्यो पनि उहाँले मुक्ति दिन आउनुभएको मानिसहरूबाट।

*तपाईंको जीवनमा रहेको येशू, पिता र पवित्र आत्माको प्रेमलाई तपाईंले कसरी उत्तम तरिकाले प्रकट वा झल्काउन सक्नुहुन्छ?*

## उपसंहारः

**थप जानकारीः *द डिजाएर अभ एजेज,* पृ. ६६२-६८०को "लेट नट योर हर्ट बि ट्रोबुल" र *द एसडिए बाइबल कमेन्टरी,* ठेली ५, ९११-९१९को "आडिशनल नोट (यूहन्ना) अध्याय १।"**

येशूका प्रतिन्द्वीहरूले उहाँको मूल्याङ्कन मानवीय स्तरको आधारमा गरेका थिए। तिनीहरूले भौतिक वा सांसारिक शरीरको आधारमा उहाँलाई हेरेका थिए (यूहन्ना ८ः१५)। यो त मुख हेरेर (यूहन्ना ७ः२४) मूल्याङ्कन गर्नुभन्दा खराब हुन सक्छ। मानिसहरू पतित संसारको पतित स्तरको तर पवित्र आत्माको नियन्त्रणभन्दा बाहिरको दृष्टिकोणले येशूलाई छामेका थिए (यूहन्ना ३ः३-७)। तिनीहरूले उहाँको भौतिक शरीरलाई हेरे तर परमेश्वरको वचन देह भएको सम्भाव्यताको आधारलाई (यूहन्ना १ः१४) उहाँको प्रतिद्वन्धीहरूले ध्यान दिएनन्। आफूसँग भएको सिमित ज्ञानको आधारमा येशूलाई जोख्न खोज्नु नै सांसारिक दृष्टिकोणले उहाँलाई हेर्नु हो (२ कोरन्थी ५ः१६)।

"सान्त्वनाकार पवित्र आत्मालाई 'सत्यको आत्मा' भनेर सम्बोधन गरिएको छ। उहाँका काम नै सत्यलाई परिभाषित गर्ने र कायम राख्ने हो। उहाँ मानिसको हृदयमा पहिले सत्यको आत्मा भएर रहनुहुन्छ, यसले गर्दा उहाँ सान्त्वनाकार वा उत्साह दिने हुनुहुन्छ। सत्यमा परम आनन्द र शान्ति हुन्छ। तर झुटमुट, आफ्नो भाउ खोज्ने, अरूलाई दवाउने वा छकाउने प्रवृत्तिमा सत्य शान्ति र आनन्द हुँदैन। सैतानले उसका माध्यमहरूबाट विभिन्न कठित वा मिथ्या विद्या, दर्शन, वाद र परम्परा तथा संस्कारहरूलाई जनमानसमा फैलाइरहेको छ। मानिसका दिमागहरूमा उसले नियन्त्रण गर्न चाहन्छ। झुठो स्तरमा मानिसहरूलाई डोऱ्याएर उसले मानिसका मिजास, चरित्र र स्वभावलाई बाङ्गो टेडो बनाइ दिन्छ। पवित्र धर्मशास्त्र बाइबलद्वारा पवित्र आत्माले मानिसको विवेकमा बोल्दछ र हृदयमा सत्यको छाप लगाइ दिन्छ। यसले मानिसले अङ्गालेको गलत शिक्षादीक्षालाई उदाङ्ग पार्दछ र त्यसलाई हृदयबाट फैंकिदिन्छ। परमेश्वरको वचनले काम गरेको आधारमा

सत्यको आत्माले नै ख्रीष्टका चुनिएका जनहरूलाई ख्रीष्टले आफ्नो बशमा राख्नुहुन्छ।"-*द डिजाएर अभ एजेज,* पृ. ६७१।

**चिन्तनमनन:**

अ. परमेश्वरलाई चिन्नु नै अमर जीवन हो (यूहन्ना १७:३)। परमेश्वरलाई चिन्नुको अर्थ के हो? उहाँ शक्तिशाली, प्रेमिलो, शासक, न्यायकर्ता हुनुहुन्छ भनेर दिमागमा राख्नु मात्रै के उहाँलाई चिन्नु हो र? कसैले तपाईंलाई "के तपाईंले परमेश्वरलाई चिन्नुभएको छ?" भनेर सोध्यो भने त्यसको जवाफ तपाईंले के दिनुहुन्छ? तपाईंको जवाफमा येशू कसरी पर्न सक्नुहुन्छ?

आ. "तपाईंको वचन नै सत्य हो" (यूहन्ना १७:१७) भन्ने येशूका वचनहरूलाई दैनिक व्यवहारिक जीवनमा कसरी लागु गर्ने?

ई. दुई हजार वर्ष अघि येशूले प्रार्थना गर्नुभयो, "यिनीहरूलाई संसारबाट लैजानुहोस् वा अलग राख्नुहोस् भनि म प्रार्थना गर्दिन। तर तिनीहरूलाई दुष्ट तत्त्वबाट अलग राख्नुहोस् भनि म अनुरोध गर्दछु।" यूहन्ना १७:१५ रूपान्तरित)। हामीहरूको आफ्नै निर्णयले हाम्रो जीवनमा त्यो प्रार्थनाको जवाफ कसरी दिन सक्छ?

# कथा ११

## अमेरिकाको डालासमा सपना

आफू बाइबलप्रति केही पनि चासो नभएको सामूयलले घोषणा गरे। "तर तपाईंले बाइबल पढ्न चासो राखेको कार्डमा चिन्ह लगाउनुभएको थियो," भनेर अमेरिकाको टेक्सास राज्यको डालास फर्स्ट सैभेन्थ-डे एडभेन्टिस्ट चर्चको बाइबल कार्यकर्ताले फोनमा बताए। उनी र अरू बाइबल कार्यकर्ताहरूले चर्चले वितरण गरेका कार्डहरूमा लेखेका ठेगानाहरूमा सम्पर्क गर्दै थिए। "ठिकै छ, तर अहिले मलाई बाइबलप्रति चासो छैन," समूएलले भन्यो। अनि उनीसँग कुरा गर्नेले समूएलको कार्डलाई अलगै राखे।

एक हप्तापछि बाइबलको अर्को कार्यकर्ताले समूएललाई फोनबाट कुरा गरे। "मलाई चासो छैन," समूएलले फेरि भन्यो। अर्को हप्ता पनि बाइबल कार्यकर्ताले फेरि फोन गरे। "बाइबल अध्ययन गर्दा कति पैसा लाग्छ?" आखिरमा समूएले सोधे। "पैसा लाग्दैन," उनले जवाफ पाए।

पहिलो बाइबल अध्ययनमा समूएल र उनकी श्रीमतीले कुन चर्चमा जाने भनेर खोजीरहेको बताए। धेरै वर्ष पहिले तिनीहरूका छोरोले उनलाई एडभेन्टिस्ट चर्चमा आउन अनुरोध गरेको थियो। जब चर्चमा पोप र हप्ताको सातौं दिन साबथको बारेमा प्रवचन सुने तब आफू कहिल्यै पनि सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा नजाने समूएलले निधो गरेका थिए।

उनलाई बाइबल सिकाउने कार्यकर्ताले मनमनै प्रार्थना गरे र बाइबल अध्ययनलाई निरन्तरता दिए। धेरै हप्तापछि त्यस कार्यकर्ताले डलसको फर्स्ट सेभेन्थ-डे चर्चमा हुने सुसमाचारीय कार्यक्रममा सामेल हुन समूएललाई निम्तो दिए। समूएलले के जवाफ देला भनेर उनले सोचेका थिए तर समूएल जाने मञ्जुर गरे।

पहिलै सभामा समूएलले बडो चासो देखाएर यताउती हेर्दै थिए। त्यस चर्चको विशेष बास्तुकलाप्रति उनले चासो देखाए। त्यो चर्चको भित्री आकार गोलाकार थियो र छाना पनि गोलाकार नै थियो। मेच राख्ने मञ्च पनि अर्ध गोलाकार थियो। समूएलले बाइबल सम्बन्धी काम गर्नेसँग आफू कुरा गर्न चाहेको बताए। आफूले सभाको निम्ति तयार गरिरहेकोले एक छिन पर्खन अनुरोध गरे। समूएल बसे। अनि उनले प्रचारकको दानिएल २ मा आधारित

प्रवचन सुने। त्यसपछि, बाइबल कार्यकर्तालाई समातेर चिच्याए, "म बप्तिस्मा लिन चाहन्छु।" चकित हुँदै त्यस कार्यकर्ताले जवाफ दिए, "के भन्नुभएको?"

१८ वर्ष अघि आफुले सपना देखेको समूएलले बताए। "मेरो सपनामा येशूले मलाई चर्चमा लग्नुभएर यो मेरो चर्च हो भनेर उहाँले सुनाउनुभएको थियो। तर जब म आज बेलुका यस चर्चमा आएँ तब मैले तुरन्तै यो चर्चलाई चिन्न सकें। आखिरमा मैले मेरो सपनाको चर्चलाई भेट्टाएँ। म बप्तिस्मा लिन चाहन्छु," सामूएलले त्यस कार्यकर्तालाई चकित पार्दै बताए।

बाइबल कार्यकर्ताले प्रचारककहाँ समूएललाई लगे। उनको सपना सुनेर उक्त प्रचारक पनि छक्क परेका थिए। अचम्मको कुरो त के थियो भने पहिलाको चर्च आगोले ध्वस्त भएको थियो र १३ वर्ष अघि मात्र नयाँ चर्चको निर्माण भएको थियो। समूएलले चर्च बनेको पाँच वर्ष अघि त्यो नयाँ चर्चको बारेमा सपना देखेका थिए।

"जब परमेश्वरको लक्ष्य पूरा गर्न हामी उहाँलाई साथ दिन्छौं तब सबै थोक सम्भव छ," प्रचारकले भने। समूएल जसको असली नाउँ स्लाभिक ओस्टापेनको हो, अहिले अमेरिकाको वाशिङ्टन राज्यको स्पोकेन स्लाभिक सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा पास्टर भएर प्रभुको सेवा गर्दैछ।